सानीभेरी गाउँपालिका,
सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल

# स्थानीय राजपत्र

खण्ड:४ संख्या : ६ मिति: २०७७/०९/२१


## भाग-२

## सानीभेरी गाउँपालिका
## गाउँ कार्यापालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

संम्बत् २०७७ सालको कार्यविधि नं ०३

## सानीभेरी गाउँपलिकाको लैंगिक हिंसा निवारण कोष सञ्चलालन कार्यविधि २०७७

**गाउँ कार्यपालिका बाट पारित मिति: २०७७।०९।१७**

नेपालको संविधान २०७२ को धारा ३८ मा व्यवस्था भएको महिलाको हकको कार्यान्वयन गर्न र लैंगिक हिंसाबाट पिडित वा प्रभावितलाई तत्काल उद्धार ,औषधि उपचार गर्न र पिडितको पुनर्स्थापनाा गर्ने कार्यको लागी नगरपालिकाममा लैंगिक हिंसा निवारण कोष स्थापना गरि सो कोषबाट पिडित तथा प्रभावितलाई रकम प्रदान गर्ने कायैलाई सरल,सहज एंव प्रभावकारी बनाउनका लागी लैंगिक हिंसा निवारण कोष (सञ्चालन ) नियमावली ।२०६७ तथा लैंगिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागी शसर्त अनुदान रकम खर्च सम्बन्धि कार्यविधि २०७६ को अधिन एंव स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा १०२ को उपदफा

(२) ले दिएको अधिकार प्रयोग गरि मुसिकोट नगरकार्यपालिकाको **लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधि ,२०७७**तयार गरिएको छ ।

**१) संक्षीप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधि को नाम : **सानीभेरी गाउँपालिकाको लैंगिक हिंसा निवारण कोष सञ्चलालन कार्यविधि २०७७ रहेको छ ।**

**ख**) यो कार्यविधि मुसिकोट नगरपालिका नगरकार्यपालिकाबाट पारित भएपछि लागु हुनेछ ।

**२) परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

**क**) **"गाउँपालिका"** भन्नाले  सानीभेरी गाउँपालिकालाई सम्झनु पर्छ ।

**ख**) **"कोष "**भन्नाले दफा (३ )बमोजिम को लैंगिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

**ग**) **"पिडित"** भन्नाले लैंगिक हिंसाबाट पिडित वा प्रभावित ब्यक्ति सम्झनु पर्छ ।

**घ** ) **" घरेलु हिंसा "**भन्नाले कुनै ब्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै ब्यक्तिहलाई दिएको शारीरिक ,मानसिक,यौनजन्य वा आर्थिाक यातना सम्झनु पर्छ ।

**ड.**) **"लैंगिक हिंसा"** भन्नाले सार्वजनिक वा निजी जिवनमा लिंगको आधारमा कसै प्रती शारीरिक , मानसिक, यौनजन्य क्षती वा विडा पु–याउने कार्य सम्झनु पर्दछ र सो शब्दले लिंगको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य ,पिडाजन्य वा धम्कीपूर्ण व्यवहार दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्न बाट बन्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ ,

**च** ) **"कोष सञ्चालन समिति"** भन्नाले निर्देशिकाको दफा ९ बमोजिम गठित समितिलाई सम्झनु पर्छ

**३ ) कोषको स्थापना :**

१) लैंगिक हिंसा पिडित र प्रभावितहरुको तत्काल उद्धार गर्न, राहत र पुनर्स्थापना गर्ने काम समेतका लागी सानीभेरी गाउँपालिकाले एक लैंगिक हिंसा निवारण कोष नामको कोष खडा गरेको छ ।

२) कोषमा देहाय बमोजिमका रकमहरु जम्मा गर्न सकिनेछ  :

क) संघिय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम,

ख) सानीभेरीगाउँपालिकाको आन्तरिक श्रोतबाट छुटयाईएको रकम,

ग) विभिन्न राष्टिय तथा अन्तराष्टिय संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम,

घ) अन्य कुनै आन्तरिक वा बाह्व श्रोतबाट प्राप्त रकम

ङ.) बैंक खातामा रहेको मौज्दातबाट प्राप्त ब्याज रकम ।

**४) कोषमा रकम जम्मा गर्ने :**

. यस कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

१.सानीभेरी गाउँपालिकाले प्रत्येक बार्षिक बजेटमा व्यवस्था गरि कोषमा आवस्यक रकम जम्मा गर्नु पर्नेछ ।

२. अन्य व्यक्ति वा संघ संस्थाले कोषमा जम्मा गर्ने गरी उपलब्ध गराएको रकम

३. संघ वा प्रदेश सरकारको निर्णय बमोजिम प्राप्त हुने रकम

**५) कोषको उपयोग :**

**१ ) कोषको रकम देहाय बमोजिमको कामका लागी उपलब्ध गराउन उपयोग गरिनेछ ।**

क) पिडितलाई तत्काल उद्धार गर्न,

ख) पिडितलाई औषधि उपचार गर्न,

ग) पिडितलाई तत्काल उपचार गराउँदा लागेको खर्च पिडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पिडितको स्वास्थ्य उपचार गर्न ,

घ) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

ङ.) पिडितलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श लगायतका सेवा प्रदान गर्न,

च ) सिपमूलक तालिम प्राप्त पिडितलाई स्वरोजगारका लागी कुनै व्यवसाय स्थापना गर्न र व्यवसाय स्थापना खर्च रकम अनुदानको रुपमा प्रदान गर्न,

छ ) पिडित र प्रभावितलाई पुनःस्थापना गराउन ,

ज) अल्पकालिन महिला सेवा केन्द्र सञ्चालनको लागी माग भई आएमा समितिले आवस्यक ठानेमा आवस्यकता र औचित्यताको आधारमा सेवा केन्द्र सञ्चालनको लागी रकम प्रदान गर्न

झ) पिडितको लागि कोष परिचालन समितिले तोके बमोजिमको अन्य काम गर्न ।

२) उपनियम (१) जुनसुकै कुरा लेखिएको भएता पनि कोष सञ्चालक समितिले लैंगिक हिंसाबाट पिडित बालबालिका तथा किशोर किशोरी वा लैंगिक हिंसाबाट प्रभावित भई लागु पदार्थ दुर्व्यसनमा फसेको वा मानसिक रोगि भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६) कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

कोषको रकम दफा (५) बमोजिम बाहेक अन्य काममा उपयोग गर्न सकिने छैन ।

**७) राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :**

१) सानीभेरी गाउँपालिकाले कोष सञ्चालक समिति गठन गरि पिडित र प्रभावितलाई राहत तथा आर्थिक सहयोग प्रदान गर्नुपर्दछ ।

२) उपदफा (१ ) बमोजिमको कोष सञ्चालक समितिले पिडित वा प्रभावित व्यक्तिलाई रकम उपलब्ध गराउँदा देहाय बमोजिमको रकमको हद र आधार लिनु पर्नेछ ।

क) पिडितलाई तत्काल उद्धार ,औषधि उपचार ,पुनर्स्थापना वा राहत वा आर्थिक सहयोग नगरेमा गम्भिर मानवीय क्षति हुने देखिएमा कोष सञ्चालक समितिले निर्णय गरि बढिमा विस हजार रुपैयामा नबढ्ने गरि मनासिव रकम,

ख) हिंसा पिडितले कुनै सिपमूलक तालिम प्राप्त गरि व्यवसाय सञ्चालन गर्नकृ लागि बस्तुगत सहयोग वा नगद अनुदान माग गरेमा व्यवसायको प्रकृती र औचित्यताको आधारमा प्रति व्यक्ति विस हजार रुपैया ,

ग) पिडितलाई कानुनी सहायता, मनोबैज्ञानिक उपचार वा मनोविमर्श सेवाका लागि पाँच हजार रुपैयामा नबढने गारि लागेको यथार्थ खर्च,

घ) पिडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम,

खाना खर्च वापत प्रति दिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाँको दरले लागेको यथार्थ रकम,

ङ.) पिडितलाई अस्पताल भर्ना गरि औपधि गर्नुपर्ने भएमा अस्पताल आउँदा जादाँ सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तिन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बास खर्च वापत प्रतिदिन पाँच सया रुपैयाँ र उपचार खर्च वापत लागेको यथार्थ रकम,

च) पिडितसँग कुनै बालबच्चा भए बालबच्चाको लागी पिडित सरहको खाना खर्च रकम,

छ) पिडित व्यक्ति अशक्त भई आफ्नो हेरविचार गर्न नसक्ने अवस्था भएका निजको सहयोगीलाई रकम उपलब्ध गराउने

छ) कोष सञ्चालन समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति ,आवस्यकता र औचित्यताको आधारमा बढीमा दश हजार रुपैयाँ ।

**८) राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निबेदन दिनु पर्ने :**

१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पिडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यलयको सिफारिस सहित यस गाउँपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम प्राप्त निबेदन उपर जाँचबुझ गर्दा पिडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने मनासिव आधार देखिएमा कार्यविधिको दफा (१० ) बमोजिम कोष सञ्चालन समितिले निर्णय गरि उपलब्ध गराउनु पर्ने छ ।

३) उपदफा )१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ  गर्दा पिडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने मनासिव आधार नदेखिएमा सो को जानकारी निबेदकलाई गराउनु पर्ने छ ।

**९) तत्काल रकम उपलब्ध गराउन सक्ने :**

१. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पिडितलाई तत्काल उद्धार ,पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा गम्भिर

तथा मानविय क्षति हुने देखिएमा सञ्चालक समितिको संयोजकले सो प्रयोजनको लागि कोषबाट दश हजार रुपैयाँमा नबढ्ने गरि मनासिब रकम उपलब्ध गराउन सक्नेछ ।

२) उपदफा (१ ) बमोजिमको अवस्था परि सञ्चालक समितिको संयोजकबाट पिडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराइए पछि बस्ने सञ्चालक समितिको बैठकबाट सो बिषयको अनुमोदन गराउनु पर्नेछ ।

**१०) कोष सञ्चालन समिति गठन :**

१) कोषको संञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि एक कोष संचालन समिति रहनेछ ।

२) समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिक उपाध्यक्षः
संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत
सदस्य

(ग) आर्थिक प्रशासन शाखा
सदस्य

(घ) स्वास्थ्य शाखा सदस्य

(ड.) प्रहरी कार्यालयको प्रतिनिधि
सदस्य

(च ) लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरु मध्येबाट

संयोजकले मनोनित गरेको एक जना सदस्य
सदस्य

छ) सामाजिक विकास संयोजक
सदस्य

ज) पत्रकार प्रतिनिधि
सदस्य

झ) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा हेर्ने कर्मचारी
सदस्य सचिव

**११.) समितिको काम,कर्तब्य र अधिकार : देहाय बमोजिम हुनेछ।**

१) लैगिक हिंसा पिडित तथा प्रभावितको उद्धार गनृए, पुनस्थापना गर्ने राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने ।

२) लैंगिक हिंसा पिडित तथा प्रभावितको पहिचान गर्ने र वास्तविक पिडित तथा प्रभावितका राहत  तथा आर्थिक सहयोग उपलब्ध गराउने

३) स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने गराउने ,

४) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने ,

५) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने ,

६) लैंगक हिंसा निवारणको क्षेत्रमा कामगर्ने निकायसंग समन्वय गर्ने ,

७) समितिलाई तत्काल आवस्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने ,

८) कोषमा रकम बृद्धिको लागि खोजी गर्ने ,

९) लैंगिक हिंसा पिडित तथा प्रभावित सम्बन्धि अन्य काम गर्ने वा गराउने ।

**१२)समितिको बैठक र निर्णय :**

१) समितिको बैठक आवस्यकता अनुसार बस्नेछ ।

२) समितिको बैठक संयोजकले तोकेको मिति,समय र स्थानमा बस्नेछ ।

३) समितिको कुल सदस्य संख्याको ५० प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिने छ ।

४)समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येबाट छानेको सदस्यले गर्ने ।

५) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समितिको बैठकमा निर्णय गरी निर्धारण गर्न सकिनेछ ।

१३) समितिको प्रशासनिक खर्च कोषको जम्मा रकम र सो कोष बाट प्राप्त व्याज रकमको ५ प्रतिशत भन्दा बढी हुने छैन ।

**१४) खाता संचालन :**

१) कोषको रकम समितिको निर्णय बमोजिम बैंकमा खाता खोली जम्मा गर्नु पर्ने छ ।

२) उपदफा ( क) बमोजिम खाता संचालन प्रमुख प्रशासकिय अधिकृत र लेखा शाखाको प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१५) कोषको लेखा र लेखा परिक्षण :**

कोषको लेखा र लेखा परिक्षण गाउपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परिक्षण प्रक्रिया बमोजिम हुनेछ ।

**१६) कोषका रकम फ्रिज नहुने :**

कोषको रकम खर्च नभई आर्थिक बर्षको अन्च्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१७) प्रतिबेदन पेश गर्ने :**

१) समितिले आफुले गरेको कार्यको मासिक ,चौमासिर र वार्षिक प्रतिबेदन गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ र सो प्रतिबेदिन गाउँकार्यपालिकाले सार्बजनिक गर्नेछ ।

२) उपदफा (क) बमोजिम समितिले पेश गरेको प्रतिबेदन मासिक,चौमासिक र बार्षिक रुपमा महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाले महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा पठाउनु पठाउनु पर्नेछ ।

**१८) बैठक भत्ता :**

समितिको संयोजक र सदस्यले समितिको बैठकमा भाग लिए बापत गाउकार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता पाउने छन ।

**१९ कोषको सचिवालय :**

गाउँ कार्यपालिकाको कार्यालय अर्न्तगत महिला बालबालिका शाखामा रहनेछ ।

**२०) अभिलेख राख्ने :**

समितिले आफुले गरेको कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**२१. अनुगमन समितिः**

१) कोष कार्यान्यनको लागी अनुगमन समिति रहने छ ।

२)  अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछ ।

क.) कार्यपालिकाको महिला सदस्य          संयोजक

ख) नागरिक समाज                           सदस्य

ग) पत्रकार                                    सदस्य

घ) महिला सहकारी                           सदस्य

ङ.) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा    सदस्य सचिव

**२१) निर्देशन दिन सक्ने :**

१ )गाउँ कार्यपालिकाले समितिको काम कारवाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ

२) उपदफा (१) बमोजिम गाउँ कार्यपालिकाले दिएको निर्देशन पालनागर्नु समितिको कर्तब्य हुनेछ ।

आज्ञाले,
नाम:भूपाल सिं विष्ट
प्रमुख प्रशासकीय अधिकृत